**राष्ट्रपतिको कार्यालय**
राष्ट्रपति भवन, काठमाडौं, नेपाल

# बगैंचा तथा फूलबारी र सरसफाइ व्यवस्थापन सम्बन्धी बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७४/६/२४
सूचना नं. १/०७४/०७५

१. यस कार्यालयलाई देहाय बमोजिम कार्य गर्नका लागि इच्छुक फर्म र कम्पनीले निम्नानुसार शर्तको अधीनमा रही रीतपूर्वकको बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कामको विवरण | सेवा अवधि | बोलपत्र जमानत रकम र मान्य अवधि |
|---|---|---|---|
| ओओपि/३३/२०७४/०७५ | बगैंचा तथा फूलबारी व्यवस्थापन | सम्झौता मितिले १ वर्ष | रु. १,२१,०००।- तथा बोलपत्र खोल्ने दिनबाट १२० दिन |
| ओओपि/३४/२०७४/०७५ | सरसफाइ | सम्झौता मितिले १ वर्ष | रु. ८६,०००।- तथा बोलपत्र खोल्ने दिनबाट १२० दिन |

२. बोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिनसम्म कार्यालय समयभित्र यस कार्यालयबाट रु. ३,०००।- (तीन हजार) फिर्ता नहुने गरी तिरी खरिद गर्न सकिनेछ ।

३. बोलपत्र फाराम प्रथम पटक प्रकाशित मितिले ३१ औं दिन मध्यान्ह १२:०० बजे भित्र बोलपत्र फाराम अंक र अक्षरमा प्रष्ट लेखी दर्ता गराई सक्नु पर्नेछ । दरखास्त साथ नविकृत फर्म/कम्पनी दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र तथा आ.व. २०७३/०७४ को करचुक्ता प्रमाणपत्र वा नियमानुसार कर विवरण दाखिला गरेको कागजातको प्रमाणित प्रतिलिपिहरु १/१ प्रति पेश गर्नुपर्नेछ ।

४. दाखिला हुन आएका बोलपत्रहरु सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको २:०० बजे कार्यालयमा उपस्थित फर्म र कम्पनी र अन्य प्रतिनिधिहरुको उपस्थितिमा खोलिने छ । अन्तिम दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन कार्यालय समय भित्र खरिद गर्न सकिनेछ । बोलपत्र फाराम खरिद गर्दा बोलपत्र पेश गर्न इच्छुक बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाता वा प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५. बोलपत्रसाथ बोलपत्र जमानत रकम यस कायालयको नाम वा क वर्गको वाणिज्य बैंकबाट जारी भएको बिड बण्ड वा कोष तथा लेखा नियन्त्रक कार्यालय, लैनचौरको राष्ट्रिय वाणिज्य बैंक ठमेल शाखास्थित धरौटी खाता नं. ११००२०३ मा रकम जम्मा गरेको सक्कल भौचर संलग्न हुनुपर्नेछ ।

६. बोलपत्रदाताले खरिद कार्यमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कार्यवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा घोषणा गर्नुपर्नेछ ।

७. बोलपत्र फाराममा केरमेट भएको ठाउँमा सहि छाप नभएको, सबै आइटमहरुको दररेट नभरेको, कुल रकम अंक र अक्षरमा नलेखिएको बोलपत्रको सूचना र बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित सबै रीत नपुगेको, धरौटी रकम नभएको वा पूरा नभएको, शर्त राखी पेश गरिएका बोलपत्र मान्य हुने छैन ।

८. बोलपत्र फाराम वापतको राजश्व रकम जम्मा गर्न :

बैंकको नाम : राष्ट्रिय बाणिज्य बैंक, ठमेल, काठमाडौं
कार्यालयको नाम : राष्ट्रपतिको कार्यालय
अफिस कोड : २७-१०१-०२
कार्यालयको खाता नं. : १.१.००१
राजश्व शीर्षक नं. १४२२७

९. सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम रीत नपुगी आएको सिलबन्दी बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।
११. माथि उल्लिखित शर्तहरु बाहेक अन्य कुराहरु प्रचलित कानून अनुसार हुनेछ ।
१२. यस सम्बन्धी थप कुराको जानकारीको लागि आवश्यक परेमा कार्यालय खुलेको समयभित्र यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।
१३. यो सूचना कार्यालयको वेबसाइट https://www.presidentofnepal.gov.np मा हेर्न सकिनेछ ।